# संघीय संसद
# प्रतिनिधि सभा
## नवौं अधिवेशन
## भए गरेका काम कारवाहीको संक्षिप्त जानकारी

(१) संघीय संसद प्रतिनिधि सभाको नवौं अधिवेशनको पहिलो बैठक २०७८ साल भदौ २३ गते बुधबार प्रारम्भ भई आज २०७८ साल कार्तिक ११ गते बिहीबारसम्म जम्मा ५१ दिन चालु रह्यो । जसमध्ये १२ दिनमा १३ पटक बैठक बसी जम्मा ५ घण्टा ४० मिनेट ससंदीय काम कारवाहीमा व्यतित भयो । अधिवेशन अवधिभरका बैठकहरुमा प्रमुख प्रतिपक्ष नेकपा एमालेको अवरोध रह्यो ।

(२) सभाको मिति २०७८ भदौ २३ गतेको बैठकमा "राजनीतिक दल सम्बन्धी अध्यादेश, २०७८" पेश भएको थियो भने २०७८ भदौ २५ गतेको बैठकमा "आर्थिक अध्यादेश, २०७८", "राष्ट्र ऋण उठाउने अध्यादेश, २०७८" र "विनियोजन अध्यादेश, २०७८" बहुमतबाट स्वीकृत भएका थिए ।

(३) त्यसैगरी सभामा राजनीतिक दल सम्बन्धी (दोस्रो संशोधन) अध्यादेश, २०७८ खारेज गरेको सम्बन्धी पत्र, मन्त्रिपरिषद् गठन, हेरफेर र विस्तार सम्बन्धी राष्ट्रपति कार्यालयको पत्रहरुको जानकारी गराइयो ।

(४) प्रतिनिधि सभाको चालू अधिवेशनमा दर्ता भएका "आर्थिक विधेयक, २०७८", "राष्ट्र ऋण उठाउने विधेयक, २०७८" र "विनियोजन विधेयक, २०७८" संघीय संसदको दुवै सभाबाट पारित भई सम्माननीय राष्ट्रपतिबाट प्रमाणीकरण समेत भयो ।

(५) त्यसैगरी यस अधिवेशनमा सभाका अघिल्ला अधिवेशनहरुबाट विभिन्न चरणमा रहेका जम्मा ४२ वटा विधेयकहरु प्राप्त भएका थिए जसमध्ये प्रतिनिधि सभाको मिति २०७८ असोज २२ गतेको बैठकमा यसै सभामा उत्पत्ति भएको "संघीय निजामति सेवा विधेयक, २०७५" फिर्ता लिने प्रस्ताव पारित भयो भने सोही दिन राष्ट्रिय सभामा उत्पत्ति भै प्रतिनिधि सभामा विचाराधीन रहेको "रेल्वे विधेयक, २०७६" फिर्ता लिन राष्ट्रिय सभाको सहमति लिन सिफारिश प्राप्त गर्ने प्रस्ताव पारित भई राष्ट्रिय सभाको मिति २०७८ असोज २५ गतेको बैठकबाट सहमति प्राप्त भएकोले प्रतिनिधि सभाको असोज २५ गतेको बैठकबाट उक्त विधेयक फिर्ता लिने प्रस्ताव पारित भयो ।

(६) यस अधिवेशनमा "महालेखा परीक्षकको अन्ठाउन्नौं वार्षिक प्रतिवेदन, २०७८", "राष्ट्रिय दलित आयोगको वार्षिक प्रगति प्रतिवेदन, २०७६/७७ र २०७७/७८" र "मधेशी आयोगको तेस्रो वार्षिक प्रतिवेदन, (आ.व. २०७७/७८)" पेश गर्ने कार्य सम्पन्न भयो ।

(७) चालू अधिवेशनमा संविधान सभा सदस्यहरु महेन्द्र शेरचन, जुठबहादुर खड्गी (जे.वी. टुहुरे) र मानबहादुर महतो र पूर्व राष्ट्रिय सभा सदस्य रूक्म शमशेर ज.ब.रा.को निधन भएकोमा शोक प्रस्तावहरु पारित भएका छन् ।

(८) विविध कारणले लगातार १० वा सो भन्दा बढी बैठकमा अनुपस्थित मा० सदस्यहरुको अनुपस्थितिको सूचनाहरु सभाबाट स्वीकृत गरियो ।